आज मिति २०७६ साल भदौ २३ गते यस माण्डवी गाउँपालिका गाउँकार्यपालिकाको बैठक बसी तपशिलका विषयहरु माथि छलफल तथा निर्णय गरियो ।

*प्रस्ताव तथा निर्णय*

१. शोक प्रस्ताव पारीत गर्ने सम्बन्धमा :- माण्डवी गाउँपालिकाका अध्यक्ष श्री श्रीधर रोका ज्यू, को मतामयी आमा भोजा देवी रोका मगरको गहि मिति २०७६/०५/२१ गतेका दिन ६८ वर्षको उमेरमा भएको असामयीक निधनले स्तव्ध बनाएको छ । यस दुखद घडीमा मृत आत्माको चीर शान्तीको कामना गर्दै शोक शंतप्त परिवार जन प्रति गहिरो समवेदना प्रकट गर्दै शोक प्रस्ताब पारित गर्ने निर्णय गरियो ।

२. आर्थीक ऐन २०७६ को अनुसुची २ मा थप व्यवस्था सम्बन्धमा :- माण्डवी गाउँपालिकाले आ.व. २०७६/०७७ का लागि लागु गरेको आर्थिक ऐनको अनुसूची २ मा तपशिल बमोजिमको विषय थप गर्ने निर्णय गरियो ।

*तपशिल*

| खेत तर्फ | | | | पाखो तर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| अब्बल | दोयम | सीम | चाहार | अब्बल | दोयम | सीम | चाहार |
| रु.१० | रु.८ | रु.५ | रु.८ | रु.८ | रु.६ | रु.५ | रु.४ |

३. गाउँपालिकाको लागि १५ शैयाको अस्पताल माग गर्ने सम्बन्धमा :- प्यूठान जिल्लाको दुर्गम क्षेत्रलाई समेटेर वनेको माण्डवी गाउँपालिकामा हाल सम्म कुनै पनि अस्पताल नभएकोले यहााका बासीन्दा गुणस्तरिय स्वास्थ्य सेवाबाट बञ्चित रहेका छन् । नेपाल सरकारको एक गाउँपालिका एक अस्पतालको अवधारण अनुसार यस माण्डवी गाउँपालिकामा अस्पतालआवश्यक रहेको हुादा अस्पताल स्थापनाको लागी देविस्थान स्वास्थ्य चौकीलाई स्तरउन्नती गरि १५ शैयाको अस्पताल निर्माणको लागि सर्वसम्मत निर्णय गरि स्वास्थ्य कार्यालय पयूठान मार्फत स्वास्थ्य तथा जनसंख्या मन्त्रालय काठमाडौंमा लेखी पठाउने निर्णय गरियो । साथै अस्पताल निर्माणको लागि आवश्यक जग्गा देविस्थान स्वास्थ्य चौकीको नाममा रहेकोले सो जग्गाको जग्गा धनिको पुर्जाको प्रतिलिपि पनि साथै पठाउने निर्णय गरियो ।

४. अपाङ्ग , जेष्ठ नागरिक र घर अभिलेख परिचयपत्र वितरण सम्बन्धमा :-मिति २०७६ भाद्र २५,२६ गते माण्डवी गाउँपालिका वडा नं. ४ उदयपुरकोटमा घर अभिलेखिकरण अपाङ्ग, तथा जेष्ठ नागरिक परिचयपत्र वितरण कार्यक्रम संचालन गर्ने निर्ण गरियो । सो को खर्च सीप विकास तथा जनचेतना तालीम शिर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

प्रमाणित गर्ने

शिसिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत